केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/घ/७/०७२/७३ मिति: २०७२/०९/२०

**"घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट मिति: २०७२/०२/१३ मा जारी गरिएको भूकम्प प्रभावित घरपरिवारलाई आवासीय घर पुनर्निमाणका लागि प्रदान गरिने पुनरकर्जा कार्यविधि, २०७२ को बुँदा नं. १४ लाई देहाय बमोजिम संशोधन गरी "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई समेत पुनरकर्जा सुविधा उपलब्ध गराउने निर्णय भएको हुँदा सोही बमोजिम गर्न/गराउन हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ :

*"(१४) भुकम्पबाट पूर्णरुपमा घर क्षति भएका आफ्ना सदस्यहरुलाई आवासीय घर निर्माणका लागि "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुले सामुहिक जमानीमा रु. ३ लाख सम्म कर्जा प्रवाह गरेमा यस बैंकबाट शून्य ब्याजदरमा पुनरकर्जा सुविधा प्रदान गरिनेछ । साथै, "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुको सिफारिशमा त्यस्ता संस्थाका सदस्यहरुलाई "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले प्रदान गरेको रु. ३ लाख सम्मको कर्जामा समेत यो पुनरकर्जा प्रदान गरिनेछ ।*

*यस व्यवस्था अन्तर्गत सामुहिक जमानीमा प्रवाह गरिएको कर्जाका हकमा कार्यविधिको बुँदा नं. ७ को राष्ट्रिय भवन संहिता सम्बन्धी व्यवस्था बाहेक अन्य व्यवस्थाहरु यथावत रुपमा लागु हुनेछन् ।"*

भवदीय,

(शिवनाथ पाण्डे)
कार्यकारी निर्देशक

बोधार्थ :
१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
७. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।